नेपाल नागरिक उड्डयन प्राधिकरण
हवाई उड्डयन सुरक्षा विभाग
सिनामंगल, काठमाण्डौ, नेपाल ।

☎ ४१११०७५, ४१११०४२, ४११११११९
फ्याक्सः ९७७-१-४११११९८
पो.ब.नं: ६९२९
ईमेल: asdnepal@wlink.com.np

(189)

पत्र संख्याः- AW-६८/०६६/०६८

मिति: २०६७।५।१७

## सबै वायुसेवा कम्पनीहरु

बिषयः निर्देशन कार्यान्वयन सम्बन्धमा ।

उपरोक्त बिषयमा वायुसेवाहरुका विमानहरुको Ramp Inspection गर्ने दौरानमा विभिन्न प्रकारका त्रृटि तथा कमजोरीहरु पाइएकोले अव उप्रान्त त्यस्ता प्रकारका त्रृटिहरु नदोहोरियोस् भन्ने उद्देश्यले सवै वायुसेवा कम्पनीहरुलाई निम्न बमोजिम निर्देशन परिपालना र कार्यान्वयनको निमित्त अनुरोध गरिन्छ ।

१ वायुयान उडानको क्रममा उडान सुरक्षामा असर गर्ने कुनै पनि प्राविधिक समस्या (Defect) देखा परी आकस्मिक अवतरण गर्नु परेको अवस्थामा सुरक्षाको दृष्टिले तत्काल निकटतम र उपयुक्त विमानस्थलमा आस्मिक अवतरण गर्ने गराउने व्यवस्था गर्ने ।

२ वायुयान उडानको क्रममा Cockpit Crew हरु बीचमा पर्याप्त र उचित समन्वय हुने (CRM) उपयुक्त व्यवस्था मिलाई जानकारी गराउने ।

३ कुनै पनि वायुयानको उडानको क्रममा संलग्न Cockpit Crew बाहेक अन्य व्यक्तिले उडानको समयमा वायुयनका Circuit Breaker S/W तथा अन्य उपकरणहरु चलाउन नहुने/नसक्ने भरपर्दो व्यवस्था मिलाई जानकारी गराउने ।

४ वायायन संचालनको क्रममा NCAR Chapter C, Para 9 अनुसार Reportable Defect देखा परेको अवस्थामा यथाशिघ्र यस विभागमा जानकारी गराउनु पर्नेमा कतिपय वायुसेवा संचालकहरुले कतिपय अवस्थामा त्यस्तो जानकारी नगराएको पाइएको हुँदा आईन्दा अनिवार्य रुपमा Defect Report गर्ने गराउने प्रवन्ध मिलाउने ।

५ वायुयानमा कुनै घटना दुर्घटना भए पश्चात CVR/FDR मा रेकर्ड गरिएका विवरणहरु अति सम्बेदनशील तथा अनुसन्धानको लागि अत्यावश्यक हुने व्यहोरालाई मध्यनजर राखी भविष्यमा वायुयानको आपत्कालिन अवतरण पश्चात वायुयानमा जडित CVR/FDR मा अनावश्यक विवरणहरु रेकर्ड नहोस् भन्ने उद्देश्यले ति उपकरणहरुलाई तत्काल संचालन, बन्द गर्ने व्यस्था मिलाउने र यस विभागलाई जानकारी गराउने ।